# चन्द्रागिरि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. : ०८०/०८१
च.नं. : ९८४ (शिक्षा)

फोन नं. ०१-४३१५७६६
मिति : २०८०/०८/०८


**विषय : राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०८० सञ्चालन सम्बन्धी सूचना ।**

श्री सबै विद्यालय (सामुदायिक तथा संस्थागत) हरु
चन्द्रागिरि नगरपालिका ।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०८०।०८।०५ गते प्रकाशित सूचना बमोजिम मिति २०८०।०८।२० गते बाट शुरु हुने नगरपालिका स्तरीय अन्तर विद्यालय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा विद्यार्थी खेलाडी सहभागी गराउँदा तपसिल बमोजिम कुराहरुमा सम्पूर्ण विद्यालयहरुले ध्यान दिनुहुन साथै पूर्व प्रकाशित सूचना अनुसारका खेल विधाहरुमा प्रतियोगिता हुनेभएकोले कुन कुन विधामा कुन कुन विद्यार्थी खेलाडीहरु सहभागी गराउने हो उक्त विद्यार्थीहरुबाट यसै सूचनासाथ संलग्न नमूना फाराम भर्न तथा फारामको दाहिने पट्टिको माथिल्लो भागमा पासपोर्ट साइजको १ प्रति फोटो टाँस गर्न लगाई उक्त फोटो सहित फाराम सम्बन्धित विद्यालयका प्रधानाध्यापक/प्रिन्सिपलबाट पछिसम्म फरक नपर्नेगरी प्रमाणित गरी मिति २०८०।०८।१५ गते सम्म कार्यालय समय भित्र यस शिक्षा, युवा तथा खेलकुद शाखामा सहायक विद्यालय निरीक्षक सिता अर्याललाई बुझाउनु हुन अनुरोध छ ।

**तपसिल:**

१. चालु शैक्षिक सत्र २०८० मा यस नगरपालिका भित्रका विद्यालयमा कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत १८ वर्ष भन्दा मुनिका छात्र/छात्राहरु । (प्रतियोगितामा भाग लिन विद्यार्थीबाट भरिने फाराम बुझाउने अन्तिम मिति २०८०।०८।१५ गते सम्म १८ वर्ष ननाघेको हुनुपर्ने)
२. टिम गेममा प्रत्येक विद्यालयले प्रत्येक इभेन्टस्मा एउटा मात्र टिम सहभागी गराउन पाउनेछ ।
३. विद्यालयले प्रतियोगितामा सहभागी गराउँदा टिम गेम बाहेक अन्य इभेन्टस्मा बढीमा २/२ जना खेलाडीहरु सहभागी गराउन पाउनेछ ।
४. एथलेटिक्स इभेन्टस्का प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्र्याक वा दुई ट्र्याक एक फिल्ड इभेन्टस्मा भाग लिन पाउनेछ ।
५. भलिबल र कबड्डी खेलतर्फ १०/१० जना खेलाडी सहभागी हुन पाउनेछन् ।
६. अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा पदक विजेता खेलाडीले यो प्रतियोगितामा भाग लिन पाउनेछैनन् ।
७. प्रतियोगितामा सहभागी हुने विद्यार्थी खेलाडीहरुको फाराम साथ जन्मदर्ताको प्रमाण-पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । समितिले आवश्यक ठानेमा जन्मदर्ताको प्रमाण-पत्र सक्कलै जिकाएर हेर्न सक्नेछ ।
८. प्रतियोगितामा मापदण्ड विपरितका खेलाडीले पदक प्राप्त गरेको खण्डमा त्यस्तो पदक खोसिने र निकटतम प्रतिस्पर्धीलाई सो पदक प्रदान गरिनेछ । मापदण्ड बाहिरका खेलाडी सहभागी गराउने विद्यालयलाई आयोजक समितिले अनुशासनको कारवाही स्वरुप बाँकी सबै इभेन्टमा सहभागी गराउने छैन । टिम गेमको हकमा पनि सोही नियम लागू हुनेछ ।
९. खेल विधागत खेलाडीहरुको अलग-अलग रेकर्ड फाईलमा फाराम तथा जन्मदर्ता प्रमाण-पत्र राख्नुहुन र फाईलको अगाडी खेल विधाको नाम लेख्नुहुन, साथै कुनै खेलाडी एक भन्दा बढी खेल विधामा भाग लिने भए उक्त खेलाडीको सबै विधामा अलग-अलग फाराम भरी सम्बन्धित फाईलमा संलग्न गर्नुपर्नेछ । विधागत

बुद्धिप्रसाद भट्ट
शिक्षा अधिकृत

खेल खेलाउने समय जुध्न गएमा एक विधामा मात्र सहभागी हुनसक्ने हुँदा बाँकी विधामा विद्यालयको सहभागीता नहुने भएकोले यस्तो अवस्थाको जिम्मेवार सम्बन्धित विद्यालय हुनेछ ।

१०. प्रतियोगितासँग सम्बन्धित थप कुराहरु शाखाबाट आवश्यकतानुसार सम्प्रेषण गरिनेछ । माथि उल्लेखित बुँदाहरुमा केही थपघट गर्नुपरेमा वा केही महत्वपूर्ण कुराहरु छुट भएको भए रचनात्मक सुझावका लागि यो शाखा सदा सर्वदा प्रतिक्षारत रहेको व्यहोरा समेत अनुरोध छ ।

११. मिति २०८०।०८।०५ मा प्रकाशन गरिएको प्रतियोगिता सम्बन्धि पत्रमा संलग्न गरिएको खेल विधा अन्तर्गत मार्सल आर्टतर्फ केही इभेन्टहरु राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता निर्देशिका, २०७० (पछिल्लो संशोधन सहित) बमोजिम देहाय अनुसार रहेकोले सोही बमोजिम गर्नु गराउनु हुन ।

**क) कराँते :**

छात्र : U' ४२ के.जी., U' ४७ के.जी, U' ५२ के.जी, U' ५७ के.जी, U' ६२ के.जी, काता एकल

छात्रा : U' ४० के.जी., U' ४५ के.जी, U' ५० के.जी, U' ५५ के.जी, U' ६० के.जी, काता एकल

**ख) तेक्वान्दो :**

छात्र : U' ४५ के.जी., U' ४८ के.जी, U' ५१ के.जी, U' ५५ के.जी, U' ५९ के.जी, र एकल पुम्से

छात्रा : U' ४२ के.जी., U' ४४ के.जी, U' ४६ के.जी, U' ४९ के.जी, U' ५७ के.जी, र एकल पुम्से

**ग) सान्सौ तर्फ :**

छात्र : ४२ के.जी., ४५ के.जी, ४८ के.जी, छात्रा : ४२ के.जी., ४५ के.जी, ४८ के.जी,

**प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारामको नमूना**

पासपोर्ट साइजको फोटो

१. सहभागी विद्यार्थीको नाम :
२. विद्यालयको नाम/ठेगाना :
३. अध्ययनरत कक्षा :
४. जन्म मिति :
५. सहभागी हुने खेल :
६. सहभागी हुने विद्यार्थीको हस्ताक्षर :

उल्लेखित व्यहोरा ठीक साँचो हो भनि प्रमाणित गर्ने

प्रधानाध्यापकको नाम :

हस्ताक्षर :

मिति :

मोबाइल/फोन नं. :

विद्यालयको छाप :

**पुनश्च** :खेलाडीको जन्म दर्ताको प्रमाण पत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

फाराम शाखामा बुझाउँदा माथि उल्लेख भए बमोजिम स.वि.नि.सिता अर्याललाई बुझाउनुहुन, यदी उहाँलाई शाखामा भेट नभएमा ९८४७१२३३८१ मा सम्पर्क गरी फाईल कस्लाई जिम्मा लगाउने हो सोधी जिम्मा लगाउनुहुन । साथै भलिबल प्रतियोगिता न्यू डायमन्ड युथ स्पोर्टस् क्लव पुरानो नैकापमा, कबड्डी र मार्सल आर्ट तर्फका खेल प्रतियोगिता ए.आई स्कुल सतुँगलमा र एथलेटिक्स तर्फको प्रतियोगिता हुने स्थान सम्बन्धी सूचना पछि प्रकाशन गरिनेछ ।

बुद्धिप्रसाद भट्ट
शिक्षा अधिकृत